आज मिति २०८० साल असोज २२ गते बिहान ८ : ०० बजे यस सुनिलस्मृति गाउँपालिकाका अध्यक्ष श्री मणिराम बुढाथोकीज्यूको अध्यक्षतामा, गाउँ कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा आ.व. २०८०/०८१ को तेश्रो गाउँ कार्यपालिकाको बैठक बसी देहायका प्रस्तावहरु माथी छलफल गरी देहाय बमोजिम निर्णय गरियो ।

उपस्थिती :

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री मणिराम बुढाथोकी | गाउँपालिका अध्यक्ष | |
| २ | श्री मिना थापा | गाउँपालिका उपाध्यक्ष | |
| ३ | श्री पवन कुमार कवर | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | श्री नेत्र बहादुर गिरी | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | श्री दुर्गा बहादुर विष्ट | वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री ओविलाल बस्नेत | वडा अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री मणि थापा | वडा अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री लोकेन्द्र बहादुर थापा | वडा अध्यक्ष वडा नं. ६ | |
| ९ | श्री रेशम शर्मा | वडा अध्यक्ष वडा नं. ७ | |
| १० | श्री धनराज रोका | वडा अध्यक्ष वडा नं. ८ | |
| ११ | श्री रितादेवी थापा | कार्यपालिका सदस्य वडा नं. ३ | |
| १२ | श्री निर्मला पुनमगर | कार्यपालिका सदस्य वडा नं. ४ | |
| १३ | श्री अनिता थापा | कार्यपालिका सदस्य वडा नं. ६ | |
| १४ | श्री इन्द्रा रोकामगर | कार्यपालिका सदस्य वडा नं. ८ | |
| १५ | श्री तुल्सी सुनार | कार्यपालिका सदस्य वडा नं. १ | |
| १६ | श्री नेमलाल दमाई | कार्यपालिका सदस्य वडा नं. ७ | |
| १७ | श्री दिनेश पौडेल | सचिव, प्रमुख प्रशासकीय अधिकृत | |
| सहयोगी कर्मचारीहरु | | | |
| १ | रनविर बुढा | प्रशासन शाखा प्रमुख | |
| २ | मधुसुधन गैरे | लेखा अधिकृत | |
| ३ | दुर्योधन महरा | सहायक कम्प्यूटर अपरेटर | |
| ४ | मन बहादुर घर्ती | सहयोगी | |

विशेष आमन्त्रित: सुर्य मोहन ढकाल (परामर्शदाता)

प्रमुख प्रशासकीय अधिकृत

मणिराम बुढाथोकी
अध्यक्ष

## तेश्रो गाउँ कार्यपालिका बैठकका प्रस्तावहरु :

१. IEE प्रतिवेदन उपर छलफल र स्वीकृत सम्बन्धमा।

२. प्रशासकीय भवन निर्माण भइरहेको जग्गा उपयोग सिफारिस सम्बन्धमा।

३. गाउँपालिका अनुदान शिक्षक कार्यविधि, २०७९ (पहिलो संशोधन) सम्बन्धमा।

४. कार्यविधि पारित सम्बन्धमा ।

- निजि स्वास्थ्य सेवा प्रदायक व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८०
- युवा परिषद सम्बन्धी कार्यविधि, २०८०
- किशोर किशोरी सञ्जाल सञ्चालन सम्बन्धी कार्यविधि, २०८०

५. प्रधानमन्त्री रोजगार कार्यक्रमको अन्तर्गत स्थानीय निर्देशक समितिको बैठकको निर्णय अनुमोदन सम्बन्धमा ।

६. स्थानीय राजश्व परामर्श समितिको बैठकको निर्णय अनुमोदन सम्बन्धमा ।

७. प्रस्ताव उपर छलफल तथा प्रस्ताव स्वीकृत सम्वन्धमा।

८. गत आ.व. मा भुक्तानी हुन बाँकि रहेका कार्य सम्पन्न फाइलहरुको भुक्तानी सम्बन्धमा।

९. एम्बुलेन्स माग सम्बन्धमा ।

१०.विविध छलफल सम्बन्धमा।

## २०८० असोज २२ गते बसेको तेश्रो गाउँ कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु

| प्रस्ताव नं. | प्रस्ताव | संक्षिप्त व्यहोरा | प्रस्तावित निर्णय | निर्णय |
|---|---|---|---|---|
| १. | IEE प्रतिवेदन उपर छलफल र स्वीकृत सम्बन्धमा। | IEE प्रतिवेदन उपर छलफल र स्वीकृत गर्न आवश्यक देखिएको। | लुङ्ग्री खोला, माडि खोला, फगाम खोला लगायतका खोलावाट नदिजन्य पदार्थको दिगो एवं वातावरणमैत्री उपयोग गर्न प्रारम्भिक वातावरणीय परीक्षण(IEE) गर्ने सम्वन्धमा यस गाउँपालिकासंगको सम्झौता अनुरुप परामर्शदाता ग्रान्ड रिसर्च प्रा.लि. काठमाडौले तयार गरी पेश गरेको प्रतिवेदन उपर छलफल गरी, आवश्यक संशोधन गर्नु पर्ने भए सो समेत गरी प्रतिवेदन स्वीकृत गर्नु पर्ने। | प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृत गरी उक्त प्रतिवेदन डिभिजन वन कार्यालय, रोल्पा, जिल्ला अनुगमन समिति, जिल्ला व्यवस्थापन समिति र लुम्विनि प्रदेशमा जानकारिका लागि पठाउने। |

प्रमुख प्रशासकीय अधिकृत

मणिराम बुढाथोकी
अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| २. | प्रशासकीय भवन निर्माण भइरहेको जग्गा उपयोग सिफारिस सम्बन्धमा। | जग्गा उपयोग सिफारिस गर्न आवश्यक देखिएको । | साविक मिझिङ गा.वि.स. वडा नं. ७, सेवाकेन्द्र स्थित नेपाल सरकार, रोल्पाको नाममा दर्ता श्रेस्ता रहेको कि.नं.४६२, क्षेत्रफल ५१२५ बर्गमिटर जग्गा मध्येबाट नापी कार्यालय, रोल्पाले तयार गरेको प्रस्तावित ट्रेस नक्सा अनुसार उक्त क्षेत्रफल भित्र रहेका सुवर्णावती सव डिभिजन वन कार्यालय, इलाका हुलाक कार्यालय र कृषि कार्यालयले ओगटेको क्षेत्रफल वाहेकको जग्गा त्यस्तो निकायलाई बाधा नपुग्ने गरी सुनिलस्मृति गाउँपालिकाले प्रशासकीय भवन निर्माणार्थ उपयोगमा लिनु पर्ने भएकोले सो सम्वन्धमा जिल्ला मालपोत कार्यालयलाई लेखी पठाउनु पर्ने। | पेश भए वमोजिम स्वीकृत गर्ने तथा उल्लिखिति कित्ताको जग्गामा ११ वटा भिन्न भिन्न संरचना रहेको नापी नक्सामा देखिएतापनि हाल सुवर्णावती सव डिभिजन वन कार्यालय, रोल्पा, इलाका हुलाक कार्यालय र कृषि कार्यालयको भवन संरचनामात्र रहेको व्यहोरा प्रमाणित गरी सिफारिस गर्ने। |
| ३. | गाउँपालिका अनुदान शिक्षक कार्यविधि, २०७९ (पहिलो संशोधन) सम्बन्धमा । | गाउँपलिका अनुदान शिक्षक कार्यबिधि, २०७९ को (पहिलो संशोधन) गर्न आवश्यक देखिएको । | मिति २०८० साल आश्विन २२ गते आइतबारका दिन बसेको कानुन मस्यौदा समितिको बैठकबाट स्वीकृतका लागि सिफारिस भई आएको गाउँपालिका अनुदान शिक्षक कार्यविधि, २०७९ को (पहिलो संशोधन) लाई स्वीकृत गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| ४. | कार्यविधि पारित सम्बन्धमा।<br>• निजि स्वास्थ्य सेवा प्रदायक व्यवस्थापन सम्बन्धी कार्यबिधि, २०८०<br>• युवा परिषद सम्बन्धी कार्यविधि,२०८०<br>• किशोर किशोरी सञ्जाल सञ्चालन सम्बन्धी कार्यविधि, २०८० | निजि स्वास्थ्य सेवा प्रदायक व्यवस्थापन सम्बन्धी कार्यबिधि, २०८०, युवा परिषद सम्बन्धी कार्यविधि, २०८० र किशोरी सञ्जाल सम्बन्धी कार्यविधि, २०८० लाई स्वीकृत गर्न आवश्यक देखिएको । | विभिन्न मितिमा बसेको कानुन मस्यौदा समितिको बैठकबाट स्वीकृतका लागि सिफारिस भई आएको निजि स्वास्थ्य सेवा प्रदायक व्यवस्थापन सम्बन्धी कार्यबिधि, २०८०, युवा परिषद् सम्बन्धी कार्यविधि, २०८० र किशोर किशोरी सञ्जाल सञ्चालन सम्बन्धी कार्यविधि, २०८० लाई स्वीकृत गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| ५. | प्रधानमन्त्री रोजगार कार्यक्रमको अन्तर्गत स्थानीय निर्देशक समितिको वैठकको निर्णय अनुमोदन सम्बन्धमा । | प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत मिति २०८०।०६।१९ गते बसेको स्थानीय निर्देशक समितिको वैठकको निर्णयहरुलाई अनुमोदन गर्न आवश्यक रहेको । | चालु आ.व.मा यस गाउँपालिकामा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सञ्चालित योजना कार्यान्वयनका लागि मिति २०८०।०६।१९ गते बसेको स्थानीय निर्देशक समितिको वैठकको निर्णय अनुमोदनका लागि गाउँ कार्यपालिकामा पेश भएको हुदाँ उक्त निर्णयहरुलाई अनुमोदन गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |

अधिकृत

| | | | | |
|---|---|---|---|---|
| ६. | स्थानीय राजश्व परामर्श समितिको वैठकको निर्णय अनुमोदन सम्बन्धमा । | स्थानीय राजश्व परामर्श समितिको मिति २०८०।०६।१८ गते बसेको वैठकको निर्णयहरुलाई अनुमोदन गर्न आवश्यक रहेको । | मिति २०८०/०६/१८ गते विहिवारका दिन बसेको स्थानीय राजश्व परामर्श समितिको बैठकबाट कवाडीको आन्तरीक आय ठेक्का संकलन सम्बन्धी प्रस्तावमा ठेक्का अंक हेरफेर तथा अप्टिक फाइवर केवल सञ्चालन र व्यवस्थापनका लागि लिजमा दिने सम्वन्धमा भएको सिफारिस अनुमोदन गर्नु पर्ने। | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| ७. | प्रस्ताव उपर छलफल र स्वीकृती सम्वन्धमा | गाउँपालिकाले वडा नं. ५,६,७ र ८ मा विस्तार गरेको अप्टिकल फाइवर लिजमा लिई सञ्चालन गर्ने सम्वन्धमा पेश हुन आएको प्रस्ताव उपर छलफल गरी प्रस्ताव स्वीकृत वा खारेज गर्न आवश्यक रहेको। | गाउँपालिकाले वडा नं. ५,६,७ र ८ मा विस्तार गरेको अप्टिकल फाइवर लिजमा लिई सञ्चालन गर्ने सम्वन्धमा सम्बन्ध कम्यूनिकेशन एण्ड टेक्नोलोजी (दर्ता नं.००१५२२०७/८०), सुनिलस्मृति-३, रुइनिवाङ रोल्पा ले प्रस्ताव पेश गरेकोले सम्वन्धित प्रस्तावको मूल्यांकन गरी प्रस्ताव स्वीकृत गर्नु पर्ने। | पेश भएको प्रस्ताव उपयुक्त देखिएकोले प्रस्तावक सम्बन्ध कम्यूनिकेशन एण्ड टेक्नोलोजी (दर्ता नं. ००१५२२०७/८०) सुनिलस्मृति-३, रुइनिवाङ रोल्पाले पेश गरेको प्रस्ताव स्वीकृत गर्ने र संझौता गरी कार्य अघी वढाउन गाउँकार्यपालिकाको कार्यालयलाई निर्देशन गर्ने। |
| ८. | गत आ.व. मा भुक्तानी हुन बाँकि रहेका कार्य सम्पन्न फाइलहरुको भुक्तानी सम्बन्धमा। | गत आर्थिक वर्षमा कार्य सम्पन्न भई भुक्तानी दिन नसकिएका फाइलहरुको भुक्तानी दिन आबश्यक रहेको । | गत आर्थिक वर्षमा कार्य सम्पन्न भई रकम अभाव तथा भुक्तानी सिष्टममा देखिएको प्राबिधिक समस्याको कारण काम सम्पन्न भै भुक्तानीका लागि पेश भएको गत आ.ब.को योजना तथा कार्यक्रमको रकम भुक्तानी दिने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| ९. | एम्बुलेन्स माग सम्बन्धमा । | काठमाण्डौं महानगर पालिकाको एम्बुलेन्स माग सम्बन्धी सार्वजनिक सूचना अनुसार यस गाउँपालिकामा पनि एम्बुलेन्स आवश्यक रहेको हुदाँ माग गर्ने । | काठमाण्डौं महानगरपालिकाको मिति २०८०।०६।०४ गते प्रकाशित एम्बुलेन्स माग सम्बन्धी सार्वजनिक सूचना अनुसार यस गाउँपालिकामा समेत एम्बुलेन्स आवश्यक रहेको हुदाँ एम्बुलेन्स माग गर्ने सम्बन्धी निवेदन/फारम भरी तत्काल माग गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |

प्रमुख प्रशासकीय अधिकृत

मणिराम बुढाथोकी
अध्यक्ष